*सम्माननीय प्रधानमन्त्री एवं गृह मन्त्रीस्तरबाट*
*मिति २०७९।१०।२२ मा स्वीकृत*

# वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम र क्रियाकलापहरू समावेश गर्ने सम्बन्धी मार्गदर्शन, २०७९

## १. पृष्ठभूमि

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०७८/७९ को बजेट तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा २०७८ (परिमार्जित)[1] जारी गरेको छ । यसले पन्ध्रौं योजना (आ.व. २०७६/७७ - ८०/८१)[2], दीगो विकास लक्ष्य (सन् २०३०)[3] एवं सम्बन्धित क्षेत्रका नीति, रणनीति/रणनीतिक योजना, गुरुयोजनाका लक्ष्य हासिल हुने गरी संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाका लागि मार्गदर्शन गर्दछ ।

पन्ध्रौं योजनाले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच सहितका परिमाणात्मक लक्ष्य हासिल गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति, रणनीतिहरूको कार्यान्वयन आवश्यक हुन्छ । पन्ध्रौं योजनामा निर्धारण गरिएका विपद् उत्थानशीलता वृद्धि गर्ने प्रमुख परिमाणात्मक राष्ट्रिय लक्ष्यहरू देहाय बमोजिम छन् ।

**तालिका १. दीर्घकालीन सोच योजनाका विपद् न्यूनीकरण परिमाणात्मक राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकहरू**

| क्र.सं. | राष्ट्रिय लक्ष्य,गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १०.३ | विपद् उत्थानशील समाज र अर्थतन्त्र | | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित जनसंख्या | प्रति हजार | १७.१ | ९.८ | ५ |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.६ | १ | |

*स्रोतः पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)*

नेपालको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले प्रकोप जोखिम कम गर्न विभिन्न क्षेत्रमा विपद् जोखिम कम गर्नुकासाथै सम्बन्धित क्षेत्रको विपद् उत्थानशीलता अभिवृद्धि गर्ने नीतिहरू लिएको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (२०१८—२०३०)[4] ले सन् २०३० सम्ममा विपद्का कारण हुने (१) मृत्यु दर, (२) प्रभावित व्यक्तिहरूको संख्या, (३) कूल गार्हस्थ उत्पादनमा विपद्का कारण हुने प्रत्यक्ष आर्थिक क्षति र (४) महत्वपूर्ण पूर्वाधार र आधारभुत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोध

---

[1] राष्ट्रिय योजना आयोग, २०७८। https://npc.gov.np/images/category/२१११२३११२४३७MTEF-२०७८-०८-०६-१.pdf
[2] राष्ट्रिय योजना आयोग, २०७६। https://npc.gov.np/images/category/१५th_Plan.pdf
[3] राष्ट्रिय योजना आयोग, http://sdg.npc.gov.np/en/ (अंग्रेजी), http://sdg.npc.gov.np/ne/ (नेपाली)
[4] गृह मन्त्रालय, २०७५। http://drrportal.gov.np/uploads/document/1352.pdf

घटाउने लक्ष्यहरू निर्धारण गरेको छ । यस रणनीतिक कार्ययोजनामा निर्धारित लक्ष्य, सूचक र गन्तव्यहरू अनुसूची—१ मा दिइएको छ ।

स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८—२०३०) कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८[5] स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस दिग्दर्शनले स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणका लागि योजना तर्जुमा गर्न र वार्षिक तथा दिर्घकालीन योजनामा विपद् न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि कार्यक्रम एकीकृत गर्न मार्गनिर्देश गर्दछ ।

## २. वार्षिक योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एकीकृत गर्ने आधारहरू

विषयगत मन्त्रालय, विभाग वा निकायले आ.व. २०७९/८० को रणनीति एवं वार्षिक कार्यक्रम तथा बजेटमा विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिका कार्यक्रम समावेश गर्दा देहायका आधारहरू लिनेछ । प्रदेश सरकार र स्थानीय तहले समेत यी आधारहरूलाई आफ्नो सन्दर्भ अनुसार उपयोग गर्न सक्नेछन् । जिल्ला विपद् व्यवस्थापन समितिले समेत यी आधारहरू बमोजिम जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा गर्नु पर्नेछ ।

### (१) राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचाले निर्देशित गरेका बिषय क्षेत्रगत आधारहरू

राष्ट्रिय योजना आयोगबाट जारी भएको "आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा २०७७" को अनुसूची-१ को बूँदा नं. २ झ (१), (२) र (३) मा उल्लेखित क्षेत्रगत आधारहरू बमोजिम संघीय मन्त्रालय, आयोग, विभाग वा निकाय, कार्यालय एवं प्रदेश सरकार र स्थानीय तहले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा उत्थानशीलता निर्माण सम्बन्धी उपयुक्त कार्यक्रम, योजना र बजेट प्रस्ताव गर्ने ।

### (२) राष्ट्रिय योजना आयोगबाट जारी भएको दीर्घकालीन सोच योजनाका क्र.सं. १०.३.१ र १०.३.२ मा निर्धारित विपद् न्यूनीकरण सम्बन्धी परिमाणात्मक राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकहरू

विभिन्न प्रकारका प्रकोपबाट([6]) हुने मृत्यु र सम्बन्धित क्षेत्रको आर्थिक क्षति कम गर्न सम्बन्धित संघीय मन्त्रालय, आयोग, विभाग वा निकाय, कार्यालय एवं प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्ने कार्यक्रम तथा क्रियाकलापहरू समावेश गर्ने ।

---

[5] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८। https://mofaga.gov.np/news-notice/2407

[6] विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचलित परिभाषा र वर्गीकरणको आधारमा विभिन्न प्रकारका प्रकोपको वर्गीकरण अनुसूची — २ मा दिइएको छ।

**(३) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८-२०३०) मा उल्लेखित विषयगत मन्त्रालय, विभाग, निकायसँग सम्बन्धित परिमाणात्मक राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकहरू**

विभिन्न प्रकारका प्रकोप, दुर्घटना, रोगव्याधिको महामारी लगायतबाट हुने मृत्यु र सम्बन्धित विषयगत क्षेत्रको आर्थिक क्षति कम गर्न, विपद् उत्थानशीलता अभिवृद्धि गर्न अनुसूची–१ मा उल्लेखित सूचकका आधारमा संघीय मन्त्रालय, आयोग, विभाग वा निकाय, कार्यालय एवं प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्ने कार्यक्रम, योजना र क्रियाकलापहरू समावेश गर्ने ।

**(४) विषय क्षेत्रको राष्ट्रिय गुरुयोजना तथा अन्य आवधिक योजना**

विषय क्षेत्रको राष्ट्रिय गुरुयोजना र अन्य आवधिक योजनाका लक्ष्यहरू हासिल गर्न विपद् तथा जलवायु जोखिमले विकास प्रयास र नतिजालाई प्रत्यक्ष असर गर्ने भएकोले विषयगत क्षेत्रमा हुने विपद् जोखिम न्यूनिकरण गर्न र उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त कार्यक्रम, योजना र क्रियाकलापहरू समावेश गर्ने।

**(५) प्रदेशमा निर्धारित विपद् न्यूनीकरण र उत्थानशीलता विकासका लागि परिमाणात्मक लक्ष्य, गन्तव्य र सूचकहरू**

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८–२०३०) र यससँग तादात्म्यता हुने गरी प्रदेश सरकारले तर्जुमा गरेको प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना बमोजिमका विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको अभिवृद्धिका लागि परिमाणात्मक लक्ष्य, गन्तव्य र सूचकहरू हासिल हुने गरी वार्षिक लक्ष्य र परिमाणात्मक सूचक सहित कार्यक्रम, योजना र क्रियाकलापहरू तर्जुमा गर्ने ।

**(६) स्थानीय तहमा निर्धारित विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता विकासका लागि परिमाणात्मक लक्ष्य, गन्तव्य र सूचकहरू**

स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८–२०३०) र यससँग तादात्म्यता हुने गरी जारी भएको स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८ ले निर्धारण गरे बमोजिम यस मार्गदर्शनको अनुसूची–३ मा उल्लेखित सूचकका आधारमा लक्ष्य र गन्तव्य तय गरी वार्षिक कार्यक्रम, योजना तथा क्रियाकलाप तर्जुमा गर्ने।

**द्रष्टव्यः** प्रदेश सरकार तथा स्थानीय तहले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी वार्षिक कार्यक्रम, क्रियाकलाप र बजेट तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८–२०३०) सँग तादात्म्यता हुने गरी प्रदेश सरकार तथा स्थानीय तहको नीति, योजना र आवश्यकता अनुसार यस मार्गदर्शनको अनुसूची–२ र अनुसूची–३ मा उल्लिखित सूचकहरूमा थपघट गर्न सक्नेछ ।

(७) **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८**[7]

राष्ट्रिय योजना आयोगबाट जारी भएको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" को बूँदा नं. १.७ बमोजिम विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न उक्त दिग्दर्शनको बूँदा नं. २.६.५ मा उल्लेख भएका स्थानीय तहको आवधिक योजनाका परिमाणात्मक लक्ष्य प्राप्तिका लागि तोकिएका सूचकहरूको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न सक्नेछ ।

स्थानीय तहले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिग्दर्शनमा उल्लेख भए बमोजिम विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्न सहरी योजना तथा भवन संहिताको कार्यान्वयन, भूकम्प प्रतिरोधी भवनको निर्माण र प्रवलीकरण (Retrofitting), विपद् र जलवायु जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि, विपद् पूर्वतयारी, वर्षात्को पानी सङ्कलन, भू तथा जलाधार संरक्षण, पोखरी निर्माण तथा संरक्षण, विकासका पूर्वाधार संरक्षण जस्ता विषयहरू समावेश गर्नेछ । त्यसैगरी, ऐतिहासिक तथा साँस्कृतिक महत्वका प्राचीन शहर, गाउँ तथा बस्तीहरूको मौलिकता जोगाउन, सम्पदाहरूको संरक्षण गर्न र पर्यटकीय आकर्षणको केन्द्र बनाउने, विभिन्न प्रकोपको कारण भएको क्षति पश्चात गरिने अझ बलियो निर्माण, पुननिर्माण र सामाजिक आर्थिक पुनर्लाभिका कार्यक्रमहरू समेत समावेश गर्न सक्नेछ ।

## ३. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि कार्यक्रम र क्रियाकलापहरूको छनोट

वार्षिक कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र विपद् एवं जलवायु उत्थानशील क्षमता अभिवृद्धि गर्न तीनै तहका सरकारबाट विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नु पर्नेछ। यसैगरी, नेपालको संविधानको धारा ५१ को खण्ड (छ) मा उल्लेख भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्नेछ। वार्षिक कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, विपद् एवं जलवायु उत्थानशील क्षमता अभिवृद्धि गर्न सम्बन्धित सरकारका सबै तह, मन्त्रालय, आयोग, विभाग, निकाय वा कार्यालयले देहाय बमोजिमका कार्यक्रम र क्रियाकलापहरू छनौट गर्नु पर्नेछ।

(१) विपद् जोखिम नक्शाङ्कन, प्रकोप अल्पीकरण, विपद् पूर्वतयारी, उद्धार तथा राहतको व्यवस्था, पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापना सम्बन्धी क्रियाकलापहरु ।

(२) विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ ले निर्दिष्ट गरेका प्रावधान अनुरूप जोखिम हस्तान्तरणका विधि, प्रक्रिया र स्रोत साधन तथा निजी क्षेत्रको सहभागिता समेतका संस्थागत प्रवन्ध सम्बन्धी क्रियाकलापहरु ।

(३) प्रत्येक वर्ष गर्नुपर्ने विपद् पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरूको छनोट सम्बन्धित तह र विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका विषयहरुको कार्यान्वयन सम्बन्धी क्रियाकलापहरु।

(४) राष्ट्रिय योजना आयोगले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) का उद्देश्य, लक्ष र सूचकहरूका अतिरिक्त क्षेत्रगत वा विषयगत नीति तथा योजना अनुरूप

---

[7] राष्ट्रिय योजना आयोग, २०७८।
https://npc.gov.np/images/category/220106044450Guideline%20for%20LP%20Planning.pdf

परिमाणात्मक गन्तव्य, लक्ष र सूचकहरू निर्धारण गरी आवधिक योजनाको तर्जुमा गर्ने सम्बन्धी क्रियाकलापहरु ।

(५) अर्थ मन्त्रालयले वार्षिक बजेटको तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत प्रावधान र राष्ट्रिय योजाना आयोगबाट तर्जुमा गरिएका परिमाणात्मक गन्तव्य, लक्ष र सूचक हासिल गर्ने सम्बन्धी क्रियाकलापहरु ।

(६) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार नभएको भए, यस सम्बन्धी जानकारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६)[8], राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७० (प्रथम संशोधन, २०७५)[9], सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहको लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण निर्देशिका साथै सम्बन्धित विषयगत मन्त्रालयबाट जारी भएका मार्गदर्शन/निर्देशिकामा निर्दिष्ट क्रियाकलापहरु ।

(७) विपद् जोखिम न्यूनिकरण र जोखिम व्यवस्थापनको विषयलाई विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरी जनचेतना अभिवृद्धि गराउने क्रियाकलापहरू ।

(८) खानीजन्य तथा नदीजन्य पदार्थको उत्खननलाई व्यवस्थित र नियन्त्रित गर्ने क्रियाकलापहरू ।

(९) सूचकमा आधारित विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने र विद्यमान प्रणालीको उपयोग र क्षमता बृद्धि गर्दै लैजाने क्रियाकलापहरू ।

(१०) विकास निर्माणका कार्य गर्दा पर्यावरणीय सन्तुलन र विद्यमान जोखिमलाई ध्यान दिनुपर्ने क्रियाकलापहरू ।

नोटः विपद् पूर्वतयारी र प्रतिकार्य सम्बन्धित वार्षिक क्रियाकलापहरूका सूचकहरू यस मार्गदर्शनको अनुसूची–३ मा दिइएको छ । राष्ट्रिय सूचकहरूसँग तादात्म्यता कायम रहने गरी प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसार सूचकहरूमा थपघट गर्न सक्नेछन् ।

## ४. बजेट तर्जुमा प्रक्रियामा पारस्परिक समन्वय र सामञ्जस्यता

विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रम र खर्चमा दोहोरो नपर्ने गरी तीनै तहका सरकारको सहकार्य समन्वयमा सम्बन्धित मन्त्रालय, आयोग, विभाग, निकाय वा कार्यालयले देहाय बमोजिमका कार्यक्रम र क्रियाकलापहरू छनोट गर्नुपर्नेछ । विषयगत मन्त्रालय, आयोग, विभाग, निकाय वा कार्यालयबाट सञ्चालन गर्नका लागि छनोट गरिएका कार्यक्रम, योजना र क्रियाकलापको प्रकृति अनुसार पारस्परिक समन्वय र सामञ्जस्यताका साथ देहायका स्रोतबाट पुरै वा आंशिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

(१) संघीय सरकारको स्वीकृत कार्यक्रम, योजना र क्रियाकलापको बजेटः- विषयगत मन्त्रालय, आयोग, विभाग, निकाय, कार्यालयको वार्षिक विनियोजित बजेटबाट,

(२) प्रदेश सरकारले स्वीकृत गरेका कार्यक्रम, योजनाको वार्षिक विनियोजित बजेटबाट,

[8] गृह मन्त्रालय, २०७६। http://drrportal.gov.np/uploads/document/1608.pdf

[9] गृह मन्त्रालय, २०७५। http://neoc.gov.np/uploads/document/file/New%20NDRF%202075_20190509125109.pdf

(३) स्थानीय तहले स्वीकृत गरेका कार्यक्रम, योजनाको वार्षिक विनियोजित बजेट तथा आन्तरिक रूपमा परिचालन हुन सक्ने अन्य स्रोतबाट,

(४) संघीय सरकारले प्रदेश सरका र स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट,

(५) स्थानीय तहलाई सम्बन्धित प्रदेश सरकारबाट उपलब्ध हुने बजेट वा अनुदानबाट,

(६) क्षेत्रगत दीर्घकालीन आयोजनामा विनियोजित बजेटबाट,

(७) सम्बन्धित तहको वार्षिक कार्यक्रममा समावेश भई विभिन्न साझेदार गैरसरकारी संघसंस्था वा निजी क्षेत्रबाट उपलब्ध हुन सक्ने आर्थिक तथा प्राविधिक सहयोग वा आयोजनागत सहायताबाट,

(८) विपद् व्यवस्थापन सम्बन्धी समारोह, कार्यक्रम र आकस्मिक विपद् प्रतिकार्यका लागि स्वीकृत बजेट तथा स्रोत साधनबाट ।

(९) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ बमोजिम सबै तह, निजी क्षेत्र, गैर सरकारी संस्था र दातृ निकायबाट प्राप्त रकमलाई कोषमा जम्मा गर्ने व्यवस्था गरी एकीकृत र एकद्धार प्रणालीबाट कोषको रकम विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी तथा प्रतिकार्यमा परिचालन गर्ने।

## ५. विविध

वार्षिक कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र विपद् एवं जलवायु उत्थानशीलता अभिवृद्धि गर्न यस मार्गदर्शनमा अन्यत्र उल्लिखित विषयका अतिरिक्त योजना तथा कार्यक्रम, बजेट सहितका क्रियाकलाप समावेश गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) विपद् पूर्वतयारी, पुनर्निर्माण, पुनःस्थापना साथै विपद् उत्थानशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम, योजना र क्रियाकलाप तर्जुमा गर्दा यस मार्गदर्शनको अनुसूची १, २ र ३ उल्लेखित सूचक हासिल गर्न जलवायु परिवर्तन तथा अन्य कारणबाट हुने जोखिमलाई समेत सम्बोधन हुने गरी समावेश गर्नु पर्नेछ ।

(२) जलवायु परिवर्तन अनुकूलन (जस्तैः सुख्खा वा डुवान सहन सक्ने बालीनालीको अनुसन्धान, परीक्षण, विस्तार आदि) कार्यक्रम, क्रियाकलाप जलवायु परिवर्तन अनुकूलन सम्बन्धी शीर्षक, उपशीर्षकमा राख्नु पर्नेछ ।

(३) कार्वन सञ्चिति गर्ने उद्देश्यले गरिने वृक्षारोपण, वन संरक्षण आदिलाई जलवायु परिवर्तन सम्बन्धी शीर्षक, उपशीर्षकमा राख्नु पर्नेछ ।

(४) भू-क्षय नियन्त्रण, बाढी पहिरो रोकथाम जस्ता प्रकोप अल्पीकरण गर्ने उद्देश्यले गरिने वृक्षारोपण, वन संरक्षण, नदीकटान नियन्त्रण, टेवा पर्खाल, छेकबाँध आदिलाई विपद् न्यूनीकरण अन्तर्गत राख्नु पर्नेछ।

(५) क्षेत्रगत विपद् जोखिम र विपद्को असर वा प्रभावलाई सम्बन्धित क्षेत्र (जस्तैः- उद्योग, वाणिज्य तथा आपूर्ति, उर्जा, जलस्रोत तथा सिंचाइ, कृषि तथा पशुपन्छी विकास, खानेपानी, भौतिक पूर्वाधार तथा

यातायात, वन तथा वातावरण, शहरी विकास, स्वास्थ्य, सञ्चार तथा सूचना प्रविधि आदि) का योजना तथा कार्यक्रममा समावेश गरी सम्बन्धित मन्त्रालय, आयोग, विभाग, निकाय, कार्यालयले लागू गर्नु पर्नेछ ।

(६) मन्त्रालय, विभाग, निकाय, कार्यालयले उपयुक्तताका आधारमा विपद् न्यूनीकरणका क्षेत्रगत नतिजा लक्ष्य र सूचक निर्धारण गरी "आर्थिक वर्ष २०७८/७९ को बजेट तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७७" को अनुसूची–४ बमोजिम समावेश गर्नु पर्नेछ ।

(७) प्रदेश सरकार, र स्थानीय तहले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८–२०३०) सँग तादात्म्यता हुने गरी परिमाणात्मक लक्ष्य र सूचकहरू थप गरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्न सक्नेछन् ।

(८) जिल्ला विपद् व्यवस्थापन समितिले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (सन् २०१८–२०३०) सँग तादात्म्यता हुने गरी परिमाणात्मक लक्ष्य र सूचकहरू राखि वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्नेछ ।

(९) आर्थिक दायित्व पर्ने वषयहरूमा अर्थ मन्त्रालयको पूर्व सहमति लिई मात्र कार्य गर्ने र राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयबाट प्राप्त बजेट सिलिङ्ग भित्र रही बजेटमा समावेश गरेर मात्र कार्यक्रम गर्नु पर्नेछ ।

(१०) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट प्राप्त हुने सहयोग अर्थ मन्त्रालयको समन्वयमा र राष्ट्रिय गैर सरकारी संस्था वा व्यक्ति वा परिवारबाट प्राप्त हुने सहयोग अर्थ मन्त्रालयको सहमतिमा पारदर्शी ढंगबाट परिचालन गर्नुपर्नेछ ।

(११) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था एवं विद्यमान जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्नेछ।

## अनुसूची—१

## विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) का परिमाणात्मक लक्ष्य, गन्तव्य र सूचकहरू

| सि.नं. | सूचक | आधार रेखा (२०१५ सम्मको औसत) | अल्पकालीन (२०२० सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| **१** | **राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ९०० | ४०० | ३०० | २२५ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | २,००० | १,७०० | १,२०० | ७०० |
| **२** | **राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १,३२,००० | ११०,००० | ८०,००० | ६५,००० |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १,८०० | १,६०० | १,१०० | ९०० |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १३,००० | ११,००० | ८,००० | ५,००० |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | ३०,००० | २५,००० | २०,००० | १५,००० |
| **३** | **राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने** | | | | |
| ३.१ | राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | २% | ०.५% | ०.२% | ०.१% |
| ४ | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७५० | ९०० | १२०० |
| ४.२ | कक्षा कोठाहरूको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास | | १९,५०० | २५,००० | ३०,००० |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७५० | १,२५० | १,७५० |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास | | ५०० | १,००० | १,५०० |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | २,५०० | ५००० | ७,००० |

| सि.नं. | सूचक | आधार रेखा (२०१५ सम्मको औसत) | अल्पकालीन (२०२० सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ४.६ | सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १३० | २०० | ३०० |
| ४.७ | विमानस्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ७ | १४ | २१ |
| ४.८ | विद्यमान जलविद्युत उत्पादन गृहहरु तथा बाँधहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास | | २१ | ५६ | ९१ |
| ४.९ | विद्युत सबस्टेशनहरूको उत्थानशीलता विकास | | ४२ | ११२ | १८२ |
| ४.१० | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास | | ३००० | ४५०० | ६००० |
| ४.११ | एकिकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (संख्या) | २ | ३ | ५ | ७ |
| ४.१३ | बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | १,६७५ | ४,५०० | ७,२२५ | १०,००० |
| ४.१४ | जलाधारहरूको संरक्षण (संख्या) | ३,३४६ | ३,९०० | ४,४४८ | ५,००० |
| ४.१५ | ताल, सिमसार तथा पोखरीहरूको संरक्षण (संख्या) | १,७२७ | २,८०० | ३,९०९ | ५,००० |
| ४.१६ | जलवायु स्मार्ट गाउँहरूको विकास | | ५० | ११३ | १७० |
| ४.१७ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने | | १५० | ३३३ | ५०० |
| **५** | **प्रदेश र स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने** | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ५.२ | संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | १०० | १०० | १०० |
| ५.३ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि “अझ राम्रो र बलियो निर्माण” को सिद्धान्तका आधारमा श्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरूको प्रतिशत | | १०० | १०० | १०० |

| सि.नं. | सूचक | आधार रेखा (२०१५ सम्मको औसत) | अल्पकालीन (२०२० सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| ६ | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने** | | | | |
| ६.१ | देशको कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | २० | ५० | ८० | १०० |

# अनुसूची — २

## स्थानीय तहको योजनामा समावेश गर्न सकिने लक्ष्य र सूचकहरू

*(स्रोतः स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)*

**द्रष्टव्यः** विपद् जोखिम सम्बन्धी उपलब्ध तथ्याङ्कका आधारमा प्रकोपको क्षति निर्क्योल गरी तलको तालिकामा दिइएका सूचकहरूमा स्थानीय तहको हालको आधाररेखा निर्धारण गर्नु पर्दछ। योजनामा यिनै सूचकहरूका आधारमा विपद् न्यूनीकरण र उत्थानशीलता विकासका लक्ष्य र गन्तव्य निर्धारण गर्नुपर्छ।

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| **१** | **गाउँ/नगरपालिकामा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने** | --------------- | ------------ | ---------- |
| १.१ | मौसमजन्य, जलजन्य तथा हावापानीजन्य विपद्बाट मृत्यु हुनेको वार्षिक औसत[२] (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.२ | भौगर्भिक प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.३ | जैविक प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | ------------ | ------------- | --------- |
| १.३.१ | वन्यजन्तु लगायतका हिंस्रक जनावर (सर्पदंश, बौलाहा कुकुरको टोकाई समेत) बाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| १.३.२ | रोगको महामारीबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या) | | | |
| १.४ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| १.५ | अन्य दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| १.६ | अन्य प्रकोपबाट मृत्यु हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| **२** | **गाउँ/नगरपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने।** | -------------- | ------------ | ---------- |
| **२.१** | **विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या** | | | |
| २.१.१ | मौसमजन्य, जलजन्य तथा हावापानीजन्य विपद्बाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.१.२ | भौगर्भिक प्रकोपबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|
| २.१.३ | जैविक प्रकोपबाट विरामी वा घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | ------------ | ------------- | ------- |
| २.१.३.१ | वन्यजन्तु लगायतका हिंस्रक जनावर (सर्पदंश, बौलाहा कुकुरको टोकाई समेत) बाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.१.३.२ | रोगको महामारीबाट प्रभावित/सङ्क्रमित हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या) | | | |
| २.१.४ | सडक दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| २.१.५ | अन्य दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत १५ वर्षको) संख्या | | | |
| २.१.६ | अन्य प्रकोपबाट घाइते वा विरामी हुनेको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| **२.२** | **विपद्बाट क्षति हुने निजी तथा सार्वजनिक पूर्वाधार संरचना** | --------------- | ------------- | --------- |
| २.२.१ | विपद्बाट क्षति हुने निजी घरहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.२ | विपद्बाट क्षति हुने गोठ र अन्य संरचनाहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.३ | विपद्बाट क्षति हुने खानेपानी योजनाको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.४ | विपद्बाट क्षति हुने पुल, बाटोको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.५ | विपद्बाट क्षति हुने टेलिफोन, रेडियो, टिभि, इन्टरनेट सेवाहरूको वार्षिक औसत (गत १५वर्षको) संख्या | | | |
| २.२.६ | विपद्बाट क्षति हुने बिजुली प्रणालीको वार्षिक औसत (गत १५ वर्षको) संख्या | | | |
| २.२.७ | विपद्बाट क्षति हुने स्वास्थ्य सेवा संरचनाहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.८ | विपद्बाट क्षति हुने सार्वजनिक भवन (विद्यालय, दुग्ध सङ्कलन केन्द्र, जस्ता भौतिक संरचनाहरू) को वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.९ | विपद्बाट क्षति हुने सार्वजनिक भवन (तरकारी, फलफूल तथ दुग्ध सङ्कलन केन्द्र जस्ता भौतिक संरचनाहरू) को वार्षिक औसत(सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |
| २.२.१० | विपद्बाट क्षति हुने अन्य सेवा संरचनाहरूको (सरकारी सेवा, वित्तीय सेवा, हुलाक आदि) वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| २.३ | विपद्‌बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत (सम्भव भएसम्म गत ३० वर्षको) संख्या (निजीघर गोठ, जग्गा, खेतिबाली, पशुचौपाया आदिको नोक्सान) | | | | |
| **३** | **गाउँ/नगरपालिकामा कूल आर्थिक आयमा विपद्‌को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने** | ------------- | | ------------ | ---------- |
| ३.१ | कृषि क्षेत्रमा (अन्नबाली, फलफूल, तरकारी, माछापालन आदिको) विभिन्न विपद्‌को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति । | रु. | | रु. | रु. |
| ३.२ | पशुपालन क्षेत्रमा विभिन्न विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.३ | वन क्षेत्रमा (काठ, दाउरा, जडीबुटी आदि) विभिन्न विपद्‌को कारण हुने औसत वार्षिक प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.४ | पर्यटन क्षेत्रमा (होटल, ट्रेकिङ् आदि) विभिन्न विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.५ | उद्योग, व्यापार क्षेत्रमा विभिन्न विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.६ | भौतिक पूर्वाधार क्षेत्रमा (घर, भवन, सडक, खानेपानी, विद्युत आदि) विभिन्न विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति। | रु. | | रु. | रु. |
| ३.७ | अन्य क्षेत्रमा (..........) विभिन्न विपद्‌को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति । | रु. | | रु. | रु. |
| ४ | **संवेदनशील पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्‌ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गरी उत्थानशीलता विकास गर्ने** | **जम्मा** | **हालको अवस्था** | | |
| ४.१ | रेडियो, टेलिफोन, टेलिभिजन, इन्टरनेट लगायतका दुरसञ्चार सेवामा अवच्छिन्न पहुँच (जम्मा घर संख्या र पहुँच भएको घरसंख्या/प्रतिशत) | | | | |
| ४.२ | स्वास्थ्य भवनहरूको प्रवलीकरण/मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा स्वास्थ्य भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवनको संख्या) | | | | |
| ४.३ | विद्यालय भवनहरूको प्रवलीकरण, मर्मत गरी उत्थानशीलता विकास गर्ने (जम्मा विद्यालय भवन र भूकम्प प्रतिरोधी संरचना भएका भवन (कक्षा-कोठा) संख्या) | | | | |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि नियमित पूर्वतयारी र नमुना तथा पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या (जम्मा विद्यालय र पूर्वतयारी अभ्यास गर्ने विद्यालयहरूको संख्या) | | | | |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास (जम्मा सार्वजनिक र सरकारी भवनको | | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| | संख्या र प्रकोप जोखिम कम हुनेगरी निर्माण र सञ्चालन भएका सार्वजनिक र सरकारी भवनहरूको संख्या) | | | | |
| ४.६ | साँस्कृतिक सम्पदाहरूको प्रवलीकरण गरी उत्थानशीलताको विकास (जम्मा सम्पदाको संख्या र प्रकोप जोखिम कम हुनेगरी निर्माण र सञ्चालन गरिएका सम्पदाको संख्या) | | | | |
| ४.७ | बसपार्क, खेल मैदान आदिको उत्थानशीलता विकास (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.८ | जलविद्युत उत्पादन गृह, बाँध, वितरण प्रणालीको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.९ | टेलिफोन टावर, रेडियो प्रशारण स्टेसन, टिभि केवल, इन्टरनेट तथा अन्य दूरसञ्चार प्रणालीको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.१० | खानेपानी, पानीघट्ट, सिंचाई कुलो, कुवा, इनार आदिको उत्थानशीलता (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी निर्माण र सञ्चालन गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.११ | जोखिमयुक्त पोखरी, तालहरूको जोखिम न्यूनीकरण (जम्मा संख्या र प्रकोप जोखिम न्यूनीकरण हुने गरी निर्माण गरिएका संरचनाहरूको संख्या) | | | | |
| ४.१२ | भवन संहिता पालना र विपद् जोखिम न्यूनीकरण हुने गरी निर्माण/प्रवलीकरण गरिएका निजी आवासीय घरहरू (प्रतिशतमा) | | | | |
| ४.१३ | नदी, खोला किनारा संरक्षण र पुनरुत्थान (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी संरक्षण गरिएकाहरूको संख्या वा दुरी (तटबन्ध - कि.मि.)) | | | | |
| ४.१४ | संरक्षित जलाधारको संख्या (जम्मा संख्या र प्रकोप जोखिम कम हुने गरी संरक्षण गरिएका जलाधारहरूको संख्या) | | | | |
| ४.१५ | विपद् न्यूनीकरण र जलवायु-मैत्री विकास अपनाएका गाउँ/बस्तीहरूको संख्या (वातावरणमैत्री घोषणा भएका टोल/वडा संख्या) | | | | |
| ४.१६ | जलवायु-मैत्री कृषि प्रविधि अपनाएका गाउँ/बस्तीहरूको संख्या | | | | |
| ४.१७ | फोहोर व्यवस्थापन, ढल निकास गरी व्यवस्थित भएका टोल, आवासीय क्षेत्रको संख्या | | | | |
| **५** | **गाउँ/नगरपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत, कानुनी, संस्थागत संरचना साथै योजना तयार गरी लागु गर्ने।** | | | | |

| क्र.सं. | लक्ष्य र सूचकहरू[१] | वर्तमान अवस्था (आधार रेखा) | | अल्पकालीन तथा मध्यकालीन लक्ष्य | दीर्घकालीन लक्ष्य |
|---|---|---|---|---|---|
| ५.१ | विपद् जोखिम न्यूनीकरण नीति, ऐन, नियम, मापदण्ड तयार गरी कार्यान्वयन भएको अवस्था | | | | |
| ५.२ | विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचना (शाखा, कर्मचारी), स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति गठन भएको वडाको संख्या | | | | |
| ५.३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन भएको अवस्था | | | | |
| ५.४ | विपद् व्यवस्थापनमा अन्य स्थानीय तहसँगको समन्वय र साझेदारी | | | | |
| ५.५ | पुनर्निर्माण र पुनःस्थापनामा विपद् उत्थानशीलता र अझ बलियो निर्माणको सिद्धान्त अवलम्बन गर्ने सरकारी निकायहरूको संख्या (जम्मा सरकारी निकाय र अवलम्बन गर्ने निकायको संख्या) | | | | |
| **६** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र सूचना तथा पूर्वानुमानको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने** | **जम्मा** | **हालको अवस्था** | | |
| ६.१ | कूल जनसंख्याको अनुपातमा प्रकोप सम्मुखतामा रहेको जनसंख्याको प्रतिशत | | | | |
| ६.२ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित बहु-प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणालीमा पहुँच भएका क्षेत्रफलको प्रतिशत | | | | |
| ६.३ | प्रकोप सम्मुख रहेको जनसंख्याको अनुपातमा प्रकोप पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | | | |
| ६.४ | पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी र प्रतिकार्य गर्ने जनसंख्याको प्रतिशत | | | | |

[१,२] नोटः

(१) माथिको तालिकामा उल्लिखित प्रकोपहरूको वर्गीकरण निम्न बमोजिम हुनेछः

(क) भौगर्भिकः भू-कम्प, ज्वालामुखी, भू-बनोट वा भू-कम्पका कारण उत्पन्न हुने पहिरो, भू-स्खलन आदि।

(ख) मौसमजन्यः चटयाङ, सबै प्रकारका हावाहुरी, असिना आदि।

(ग) जलजन्यः वर्षा, पोखरी, ताल वा हिमताल विष्फोट जस्ता कारणबाट हुने सबै प्रकारका बाढी एवम् डुवान र नदी कटान, अतिवृष्टि, भिषण हिमपात, अनावृष्टि, हिमपहिरो आदि।

(घ) हावापानीजन्यः शीतलहर, खडेरी, तातो हावाको लहर(लू), प्राकृतिक कारण लाग्ने वन डढेलो, लामो अवधिसम्म सुख्खा परेर उत्पन्न हुने खडेरी, तुषारो, ऋतु अनुसार लाग्ने बाक्लो (अनिष्टकारी) हुस्सु, कुहिरो आदि।

(ङ) <u>जैविक:</u> सबै प्रकारका कीटाणु, विषाणुका कारण हुने रोगव्याधि, सर्पदंश, जनावरहरूको आक्रमण वा आतङ्क, खेतीबालीमा हुने अनिष्टकारी सलह कीराहरूको आक्रमण, रोगव्याधि, पशुपन्छीमा लाग्ने फ्लु, आदि।

(च) <u>दुर्घटना:</u> खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागि, विषादी, ग्याँस, रसायन, विकिरण चुहावट, ग्याँस विष्फोटन, प्रकोप उद्धार कार्यमा हुने दुर्घटना, विषाक्त खाद्य सेवन (जानाजान गरेको नभई, भवितब्यमा परी गरेको विष-सेवन), मेशिन सञ्चालन गर्दा हुने दुर्घटना, माटो खन्दा ढिस्को खसेर पुरिने, भौतिक संरचना भत्कने आदि।

(छ) <u>प्रदुषण लगायत अन्य प्रकोपहरु:</u> अत्यधिक स्रोत दोहनका कारण हुने मरुभूमिकरण, विभिन्न मानवीय स्रोत र कारणबाट हुने वातावरणीय प्रदुषण, भोकमरी आदि।

(२) एकभन्दा बढी स्रोत वा कारणबाट उत्पन्न हुने वा भएको प्रकोपको वर्गीकरण गर्दा त्यसको मूल स्रोत वा कारणका आधारमा वर्गीकरण गर्नुपर्छ। बढी पानी परेर पहिरो गएको भए जलजन्य र भू-कम्पका कारण वा जमिनको बनोटका कारण पहिरो गएको भए भौगर्भिक हुन्छ। मुख्य स्रोत वा कारणका साथै अन्य स्रोत र कारणहरूको समेत यथेष्ठ लेखाजोखा गर्नुपर्छ।

(३) औसत निकाल्ने तरिका:- तथ्याङ्कको उपलब्धता अनुसार विपद्बाट विगतमा भएका हरेक वर्षको हानी नोक्सानी प्रत्येक सूचकका लागि छुट्टाछुट्टै जोड्ने। कूल अङ्कलाई जम्मा वर्ष संख्याले भाग गर्ने। त्यसबाट आउने भागफल औसत संख्या हो ।

(४) ३० वर्षको तथ्याङ्क:- आधिकारिक र भरपर्दो दस्तावेजमा रेकर्ड भएको तथ्याङ्क उपलब्ध भएसम्म विगत ३० वर्षसम्मको लिने । यस्तो तथ्याङ्क समुदायमा वा अन्यत्र जानकारी भएकाहरूबाट सोधपुछ गरी सङ्कलन गर्न सकिने । जलवायु परिवर्तन सम्बन्धी क्रम (Trend) विश्लेषण गर्न र प्रक्षेपण गर्न सामान्यतया ३० वर्षको तथ्याङ्क प्रयोग गर्ने गरिएको छ ।

# अनुसूची — ३

## विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धित वार्षिक क्रियाकलापहरूका लक्ष्य तथा सूचकहरू

(स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संशोधन २०७६) बाट साभार गरी सामान्य परिमार्जन गरिएको)

| सि. नं. | सूचक | आधार रेखा | लक्ष्य |
|---|---|---|---|
| **१** | **प्रदेश/जिल्ला/गा.पा./न.पा. मा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | | |
| **२** | **प्रदेश/जिल्ला/गा.पा./न.पा.मा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | | |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | | |
| **३** | **प्रदेश/जिल्ला/गा.पा./न.पा.मा कूल ग्रार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति कम गर्ने** | | |
| **४** | **विपद् पूर्वतयारी र प्रतिकार्यका लागि संघ, प्रदेश, स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत)** | | |
| **५** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने** | | |
| ५.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागु भएका स्थानीय तहहरूको प्रतिशत | | |
| ५.४ | स्थानीय स्तरमा उपयोगी (प्रभावमा आधारित) विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवं आँकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि प्रकोप आउनु अगावै विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | |

**द्रष्टव्यः** राष्ट्रिय सूचकहरूसँग तादात्म्यता हुने गरी प्रदेश सरकार र स्थानीय तहले लक्ष्य, सूचक थपघट गर्न सक्नेछन्।